# मिक्लाजुङ गाउँपालिकाको कर्मचारी बढुवा तथा तह वृद्धि सम्वन्धी कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।०३।१७

डम्बर बल्लभ बराल
प्रमुख प्रशासकीय अधिकृत

मिक्लाजुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मधुमल्ला मोरङ ।

# मिक्लाजुङ गाउँपालिकाको कर्मचारी बढुवा तथा तह वृद्धि सम्वन्धी कार्यविधि, २०८०

**प्रस्तावना :**

कोशी प्रदेश सरकारबाट स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको अध्यादेश, २०८० मा भएको व्यवस्था बमोजिम बढुवा र तह वृद्धि सम्बन्धी कार्यलाई व्यवस्थित र पारदर्शी ढङ्गले कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेश सरकारबाट स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको अध्यादेश, २०८० को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी मिक्लाजुङ गाउँपालिका, मोरङले यो कार्यविधि बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "**मिक्लाजुङ गाउँपालिकाको कर्मचारी बढुवा तथा तह वृद्धि सम्वन्धी कार्यविधि, २०८०**" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अध्यादेश" भन्नाले कोशी प्रदेश सरकारबाट स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको अध्यादेश, २०८० सम्झनु पर्छ।

(ख) "कर्मचारी" भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भई आएका कर्मचारी, संघीय लोक सेवा आयोगबाट नगरपालिकामा सिफारिस भई नियुक्ति भएका कर्मचारी र प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई नियुक्ति भएका मिक्लाजुङ गाउँपालिका मोरङका शाखा र निकायहरूमा कार्यरत स्थायी कर्मचारी सम्झनु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले मिक्लाजुङ गाउँपालिका मोरङलाई सम्झनु पर्छ।

(घ) "प्रदेश" भन्नाले कोशी प्रदेशलाई सम्झनु पर्छ।

(ङ) "कार्यपालिका" भन्नाले मिक्लाजुङ गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(च) "कार्यालय" भन्नाले कानून बमोजिम स्थापित गाउँपालिका अन्तर्गतका सचिवालय, प्रतिष्ठान, वडा कार्यालय, स्वास्थ्य संस्थालाई सम्झनु पर्छ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मिक्लाजुङ गाउँपालिका मोरङको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ज) "अख्तियारवाला" भन्नाले अध्यादेशको दफा १५ बमोजिम स्थानीय सेवामा नियुक्ति, पदस्थापन र अवकाशको निर्णय गर्ने अधकारी सम्झनु पर्छ।

(झ) "मन्त्रालय" भन्नाले प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनु पर्छ।

**३. जेष्ठताको गणनाः** कर्मचारीको तह वृद्धि र बढुवाका लागि ज्येष्ठताको गणना अध्यादेशको दफा २७ अनुसार गरिनेछ।

**४. तह वृद्धि सम्बन्धी व्यवस्थाः** (१) नियमित रुपमा स्थानीय सेवामा कार्यरत कर्मचारीको तह वृद्धि गर्दा तह वृद्धि हुने पदभन्दा एक तह मुनीको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएका, पछिल्लो तीन बर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका र देहाय बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीलाई देहाय बमोजिम सम्बन्धित सेवा, समूह वा उपसमूहभित्र तह वृद्धि गरिनेछः-

| क.स. | हालको तह | तह वृद्धि हुने तह | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|---|---|
| | | | स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा | स्थानीय स्वास्थ्य सेवा |
| १ | पाँचौं | छैटौं | सेवा समूहसँग सम्बन्धित विषयमा न्यूनतम प्रवीणता प्रमाण पत्र तह वा कक्षा १२ उत्तीर्ण | स्वास्थ्य सेवामा संघीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| २ | सातौं | आठौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण | स्वास्थ्य सेवामा संघीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

(२) अध्यादेशको दफा ८ (१४) बमोजिम चौथो तहका सहायक कम्प्युटर अपरेटर पदमा कार्यरत कर्मचारीको प्रमुख प्रशासकिय अधिकृतले तह बृद्धिको निर्णय गरी नियुक्ती दिनेछ।

(३) अध्यादेशको दफा ४ को उपदफा (५) बमोजिम स्थानीय तहको सहायक तेस्रो र चौथो तहको पदमा समायोजन भई यो अध्यादेश जारी हुँदाका बखत पाँच वर्ष पूरा गरेका कर्मचारीलाई एक पटकका लागि क्रमशः चौथो तह र पाचौं तहमा स्वतः तह बृद्धि गरिनेछ।

(४) अध्यादेशको दफा ८ को उपदफा (१६) बमोजिम निजामती सेवा बाहेकका अन्य सेवाबाट स्थानीय तहमा समायोजन भई सेवा अवधि पाँच वर्ष पूरा गरेका पाँचौ, सातौं र नवौं तहमा कार्यरत कर्मचारीलाई अध्यादेशको दफा २८ को प्रक्रिया पूरा गरी क्रमशः छैठौं, आठौं र दशौं तहमा एक तह वृद्धि गरिनेछ।

(५) संघीय लोकसेवा आयोगबाट खुल्ला प्रतियोगितात्मक परिक्षाद्वारा स्थानीय सेवाको छैटौं तहको पदमा सिफारीस भई नियुक्ती भइसकेका कर्मचारीलाई स्थानीय सेवाको सातौं तहका लागि निजको शैक्षिक योग्यता पुगेको भएमा अख्तियारवालाले सातौं तह कायम गर्नेछ। यसरी सातौं तह कायम गर्नु पूर्व संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्नु पर्नेछ।

(६) तह वृद्धि हुनका लागि यो कार्यविधि लागू भए पश्चात कार्यालयले बढुवा र तह वृद्धि हुने कर्मचारीको लागि अनुसुची - १ बमोजिमको ३० (तीस) दिने सूचना प्रकाशन गर्नेछ।

(७) तह वृद्धि हुने कर्मचारीले उपदफा (६) बमोजिम सूचनाको म्यादभित्र देहायका कागजातहरु संलग्न गरी अनुसूची -२ बमोजिम आबेदन पेश गर्नुपर्नेछ ।

(क) सेवा अवधि पुष्टि गर्ने नियुक्ति पत्र,

(ख) संघीय लोकसेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भएको भए उक्त सिफारिस पत्र र नियुक्ति पत्र,

(ग) समायोजन भएका कर्मचारीको हकमा समायोजन भएको पत्र,

(घ) आवश्यक शैक्षिक योग्यताको प्रमाण पत्रहरु।

(८) उपदफा (७) बमोजिम पेश भएका निवेदन र कागजातको मूल्याङ्कन गरी तह वृद्धिको सिफारिस गर्न नगरपालिकामा देहाय बमोजिमको तह वृद्धि सिफारिस समिति रहनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) गाउँकार्यपालिकाको कार्यालयको आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृतले तोकेको एक सिनियर अधिकृत - सदस्य सचिव

(९) उपदफा (८) मा जुनसुकै कुरा लेखिएको भए तापनि अधिकृतस्तर सातौं तहको हकमा उपदफा (७) बमोजिमको समितिमा संयोजक र सदस्य सचिव मात्र रहनेछ।

(१०) उपदफा (८) र (९) मा जुनसुकै कुरा लेखिएको भए तापनि अधिकृतस्तर सातौं तहमा कार्यरत कर्मचारीहरूको आठौं तह बृद्धिको हकमा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत बढुवा हुने तह वा सो सरहको रहेको वा रिक्त रहेमा अध्यादेशको दफा १५ बमोजिम गर्नु पर्नेछ।

(१०) तह वृद्धि गर्दा प्रत्येक आर्थिक वर्षको श्रावण एक गते र माघ एक गतेबाट ज्येष्ठता कायम हुने गरी प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धिको निर्णय गर्नुपर्नेछ। सो प्रयोजनको लागि कम्तीमा एक महिना वेभसाइट मार्फत सूचना प्रकाशन गर्नु पर्नेछ।

(११) तह वृद्धि सम्बन्धी अन्य व्यवस्था अध्यादेश बमोजिम हुनेछ ।

__५. बढुवा सम्बन्धी व्यवस्था:__ (१) अध्यादेशको दफा ८ को उपदफा (१) बमोजिम कार्यक्षमताको मूल्याङ्कन तथा ज्येष्ठता र कार्य सम्पादनद्वारा बढुवा हुने पदहरूमा बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन सम्बन्धित सेवा, समूह वा उपसमूहको पदमा बढुवा हुन सम्भाव्य उम्मेदवार हुने तल्लो पदमा सेवाकालिन तालिम लिएका र पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषतमा कम्तिमा नब्बे प्रतिशत अङ्क प्राप्त गरेका र विज्ञापन हुनुभन्दा अघिको असार मसान्त सम्म देहाय बमोजिमको न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पुगेको हुनु पर्नेछ:-

| बढुवा हुने पद | बढुवा हुन लाग्ने सेवा अवधि | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|---|
| | | स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा | स्थानीय स्वास्थ्य सेवा |
| अधिकृत सातौं | अधिकृत छैटौं तहमा कम्तिमा तीन वर्ष सेवा अवधि पूरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक वा सो सरह उत्तीर्ण | स्वास्थ्य सेवामा संघीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| सहायक पाँचौं | सहायक चौथो तहमा कम्तिमा तीन वर्ष सेवा अवधि पूरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा एस.ई.ई. वा सो सरह उत्तीर्ण | स्वास्थ्य सेवामा संघीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

(२) अध्यादेशको दफा ८ को उपदफा (१६) बमोजिम अधिकृत स्तर सातौं तहका पदहरुमा अध्यादेशको दफा २९ को प्रकृया पूरा गरी तोकिए बमोजिमको बढुवा समितिले बढुवा गर्नेछ।

__६. बढुवा तथा तह वृद्धि गर्न नहुने:__ यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा दफा ४ को उपदफा (८) बमोजिमको समितिले कर्मचारीलाई तह वृद्धिको लागि सिफारिस गर्न पाइने छैन:-

(क) नसिहतको सजाय पाएकोमा नसिहत पाएको मितिले एक वर्षसम्म,

(ख) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ग) तलब वृद्धि वा बढुवा रोक्का भएकोमा तलब वृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

(घ) असाधारण विदामा बसेकोमा सो विदाको अवधिभर,

(ङ) तह वृद्धि वा बढुवा रोक्का भएकोमा तह वृद्धि वा बढुवा रोक्का भएको अवधिभर ।

__७. नियुक्ती दिनुपर्ने:__ यस कार्यविधि बमोजिम बढुवा वा तह वृद्धि हुने कर्मचारीलाई अख्तियारवालाले नियुक्ती पत्र दिनेछ।

**८. जेष्ठता कायमः** (१) तह बृद्धि हुने कर्मचारीको अध्यादेशको दफा २८ को उपदफा (२) बमोजिम प्रत्येक आर्थिक वर्षको श्रावण १ गते र माघ १ गतेबाट जेष्ठता कायम हुनेछ।

(२) बढुवा हुने कर्मचारीको तह कायम अध्यादेशको दफा ४१ बमोजिम हुनेछ।

**९. कामकाजमा खटिएका कर्मचारी सम्बन्धी व्यवस्थाः** कोशी प्रदेश बाहिर वा प्रदेश भित्रका अन्य स्थानीय तह कामकाजमा खटिएका तर गाउँपालिकामा दरबन्दी भएका कर्मचारीको र अन्य स्थानीय तहबाट गाउँपालिकामा रिक्त दरवन्दीमा काजमा रहेका कर्मचारीको हकमा दुई स्थानीय तहको सहमतीमा दरवन्दि/पदाधिकार रहेको स्थानीय तहमा वा कामकाजमा गएको स्थानीय तहको सो पद रिक्त रहेमा कार्य गरिरहेकै कार्यालयबाट तह बृद्धि हुनेछ दुवै स्थानीय तहको सहमती जुट्न नसकेमा दरवन्दि/पदाधिकार रहेको स्थानीय तहबाटै तह वृद्धि हुनेछ ।

**१०. उजुरी वा गुनासोः** तह बृद्धिको निर्णय उपर चित्त नबुझेमा सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी वा गुनासो गर्न सकिनेछ।

**११. जानकारी दिनु पर्नेः** (१) यस कार्यविधि बमोजिम गरेको बढुवा र तह वृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिन भित्र मन्त्रालय, प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ।

**१२. बाधा अड्काउ फुकाउन सक्नेः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा प्रदेश लोकसेवा आयोगको परामर्शमा गाउँ कार्यपालिकाले निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

**१३. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यबिधि बमोजिम र अन्य विषयमा अध्यादेश वा प्रचलित कानून बमोजिम हुनेछ।

अनुसूची-१
दफा ४ को उपदफा (६) सँग सम्बन्धित

मिक्लाजुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मधुमल्ला, मोरङ

मिति:.........................

तह वृद्धि सम्बन्धी सूचना।

सूचना नं.

कोशी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० बमोजिम स्थानीय सेवामा कार्यरत गाउँपालिकाका कर्मचारीहरुको बढुवा तथा तह वृद्धि सम्बन्धी कार्यविधि, २०८० को दफा ४ बमोजिम न्यूनतम योग्यता पुगेका कर्मचारीहरुको तह वृद्धिको लागि एक महिनाको म्याद दिई सूचना प्रकाशित गरिएको छ। तोकिए बमोजिमको आवश्यक कागजातहरू संलग्न राखी तह वृद्धिका लागि अनुसूची-२ बमोजिमको आवेदन फारम भरी २०... साल ... महिना... गतेभित्र आदेवन फारम दर्ता गराउनु हुन अनुरोध छ। समयसीमाभित्र आवेदन दर्ता नभएमा कार्यालय जवाफदेही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

<u>संलग्न गर्नुपर्ने कागजात:</u>

१. अवधि पुष्टि हुने नियुक्ति प्रत्र,
२. समायोज़न भएका कर्मचारीको हकमा समायोजन भएको पत्र,
३. कामकाज सरुवामा रहेका कर्मचारीको हकमा नियुक्ति पत्र तथा कामकाज सरुवाको पत्र,
४. न्यूनतम शैक्षिक योग्यताको प्रमाण-पत्र ।

..................................
प्रमुख प्रशासकीय अधिकृत

कार्यालय दर्ता नं.
मितिः

उम्मेदवारको हालसालै खिचेको पासपोर्ट साइजको फोटो

अनुसूची - २
दफा ४ उपदफा (७) सँग सम्बन्धित
मिक्लाजुङ गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**मधुमल्ला, मोरङ**
**(तहवृद्धि आवेदन फारम)**

१. सूचनाको विवरण

तह वृद्धिको सूचना नम्बरः.................................... मितिः..............................
सेवा/ समुहः.....................................................तह वृद्धि हुने तहः ..............

२. उम्मेदवारको विवरणः

उम्मेद्वारको नाम,थर(देवनागरीमा):.....................................................
उम्मेद्वारको नाम, थर(अंग्रेजीमा):.....................................................
ठेगानाः .......................................................................
बहाल रहेको कार्यालयः.................................................
बजेको नामः...........................................................
बाबुको नामः..........................................................
आमाको नामः ........................................................
सेवाः.......................................... समूह/ उपसमूहः ................................
पदः................................................ तह ........................................
नागरिकता प्रमाण पत्र नं.:............................................
कर्मचारी संकेत नं.:......................................................
जारी जिल्लाः .........................................................
मोबाईल नम्बरः...................................................

३. सेवाको विवरण (म्मकोहालस शुरुदेखि)

| क.स. | सेवा/समूह/उपसमूह | कार्यालयको नाम | नियुक्ति वा बढुवा मिति | बहाल रहेको मिति | | असाधारण विदा बसेको भए सोको अवधि | | अध्ययन बिदा बसेको भए सोको अवधि | | कसरी आएको (खुल्ला, बढुवा, समायोजन, सरुवा) | स्थायी नियुक्ति गर्ने कार्यालय | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | देखि | सम्म | देखि | सम्म | | | |
| | | | | | | | | | | | | |

४. हालको तह (समायोजना हुनु भन्दा पहिलाको समेत) मा तह वृद्धिको लागि निवेदन दिन पाउने अन्तिम मितिमा पुग्ने अवधि ........................वर्ष,.............महिना, .....................दिन

५. तह वृद्धिको लागि योग्य भए/नभएको अवस्थाः

| ल्याप्चे सही छाप | |
|---|---|
| दाँया | बाँया |
| | |

क. विभागीय कारवाही
भएको/नभएकोः......................भएको भए कुन कारवाही भएको हो, सकिने अवधि उल्लेख गर्नुहोस:
...............................

ख. अध्यादेशको दफा २८ बमोजिमको तह वृद्धि हुने पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता हासिल गरेको/नगरेकोः........................................

ग. असाधारण विदा बसेको/ नबसेकोः..............................................

घ. निलम्बन परेको/ नपरेकोः......................................................

ङ. पेशासँग सम्बन्धित व्यवसायी परिषदको प्रमणपत्र अवधिः .........................

च. सेवा वा समूह परिवर्तन गरें/ नगरेको (गरेको भए मिति उल्लेख गर्ने):
.........................................

६. माथि उल्लेखित विवरण ठीक छ । झुट्टा ठहरे कानून बमोजिम सहुँला/ बुझाउँला भनी सही छाप गर्ने ।

कर्मचारीको नाम, थरः...........................................

संकेत नं.:..................................................

पदः.......................................................

तह .......................................................

सही र मिति :..............................................

## तह वृद्धिको निर्णय (कार्यालय प्रयोजनको लागि)

क. आवेदक कर्मचारीको समायोजन हुनु पूर्व र समायोजन पश्चात गरी हालको तहमा पूरा गरेको सेवा अवधि

समायोजन पूर्व ............................वर्ष, ....................महिना,..................दिन
समायोजन पश्चात ........................ वर्ष, .................. महिना,..................दिन
जम्मा सेवा अवधि .................... वर्ष, .................. महिना, .................. दिन

ख. आवेदक कर्मचारीको पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कन बापत प्राप्त गरेको अंक र सोको औषत:

अ. आ.व.:....................../..................... को प्राप्ताङ्क.......................
आ. आ.व.:...................../..................... को प्राप्ताङ्क........................
इ. आ.व.:...................../................... को प्राप्ताङ्क .........................
औषत प्राप्ताङ्क: ............................................................

ग. स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा २८ को उपदफा (१) तथा कार्यविधिको दफा ४ बमोजिमको न्यूनतम योग्यता पूरा गरेको देखिएकोले निजलाई हाल कार्यरत तहबाट समान सेवा, समूह, उपसमूहमा रहने गरी एक तह वृद्धि गर्ने निर्णय गरिएको छ।

निर्णय मिति: .....................तह बृद्धि निर्णय लागू हुने मिति: ......................
वृद्धि हुने तह : ................................ सेवा:........................................
समूह/उपसमूह: .................................. पद:........................................

| सदस्य | सदस्य | संयोजक |
|---|---|---|
| हस्ताक्षर - .................. | हस्ताक्षर - .................. | हस्ताक्षर - .................. |
| नाम, थर | नाम, थर | नाम, थर |
| संकेत नं. | संकेत नं. | संकेत नं. |
| मिति - | मिति - | मिति - |

(कार्यालयको छाप)

अनुसूची - ३
दफा ७ सँग सम्बन्धित
(लेटर हेड)

मितिः.......।.......।.....

विषयः- तह वृद्धि गरिएको सम्वन्धमा।

महोदय,

तपाईलाई कोशी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० र मिक्लाजुङ गाउँपालिका, मोरङको कर्मचारीहरूको बढुवा तथा तह वृद्धि सम्बन्धी कार्यविधि, २०८० को दफा ४ बमोजिम मिति ............... गतेको निर्णयानुसार दफा ८ बमोजिम जेष्ठता कायम हुने गरी ............................ तहमा तह वृद्धि गरिएको छ।

अधिकृतस्तर/सहायकस्तर ........ तहमा तह वृद्धि हुनुभएकोमा हार्दिक बधाई तथा शुभकामना दिंदै तपाईलाई प्राप्त जिम्मेवारी राष्ट्र, जनता र सरकारप्रति कर्तब्यनिष्ठ भई प्रचलित ऐन, कानूनको परिधिभित्र रहेर पारदर्शी, निष्पक्ष, अनुशासित भई सकारात्मक सोच र उर्जाका साथ कार्य सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा लिएको छु।

तपसिलः

| साविक सेवा, समूह, तह | तह कायम गरिएको सेवा, समूह, तह |
|---|---|
| सेवाः- | सेवाः- |
| समूहः | समूहः- |
| पद/पदनामः | पद/पदनामः- |
| सो पदमा नियुक्ति मितिः- | तहः- |
| समायोजन पदः- | पदस्थापन गरिएको कार्यालयः- मिक्लाजुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मधुमल्ला, मोरङ। |
| समायोजन मितिः- | |
| कार्यालयः- मिक्लाजुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मधुमल्ला, मोरङ। | |

श्री ...................

कर्मचारी संकेत नं.

............................
प्रमुख प्रशासकीय
अधिकृत

बोधार्थ-:

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाण्डौ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, बिराटनगर।
श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर काठमाण्डौ।
श्री प्रदेश लोकसेवा आयोग, कोशी प्रदेश, बिराटनगर।
श्री राष्ट्रिय कितावखाना(निजामति), हरिहरभवन, ललितपुर।
श्री प्रदेश कितावखाना, कोशी प्रदेश, बिराटनगर।
श्री कर्मचारी संचयकोष, काठमाण्डौ/बिराटनगर।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाण्डौ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, खोटाङ।
श्री आर्थिक प्रशासन शाखा, मिक्लाजुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मधुमल्ला, मोरङ।